# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/११/०२ गते

## प्रेस विज्ञप्ति

### विषय: कार्यवाहक प्रमुख आयुक्तमा घिमिरे।

---

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त नवीनकुमार घिमिरेले आज मिति २०७४ फागुन २ गतेदेखि कार्यवाहक प्रमुख आयुक्तको जिम्मेवारी सम्हाल्नु भएको छ । उहाँ वि.सं. २०७१ साल चैत १९ गते आयोगको आयुक्तमा नियुक्त हुनुभएको थियो ।

वि. सं. २०७४ जेठ ८ गतेदेखि प्रमुख आयुक्तको जिम्मेवारी सम्हाल्दै आउनु भएका दीप बस्न्यात उमेरहदका कारण फागुन १ गतेबाट अवकाश पाउनु भएकाले श्री घिमिरेले संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको सर्त र सुविधा सम्वन्धी ऐन २०५३ को दफा २० को कानुनी व्यवस्था बमोजिम कार्यवाहक प्रमुख आयुक्तको जिम्मेवारीमा रहनु भएको छ । आयोगबाट निर्वतमान प्रमुख आयुक्त दीप बस्न्यातलाई माघ २९ गते नै बिदाइ गरिएको थियो ।

(पदमप्रसाद पाण्डेय)
सहन्यायाधिवक्ता एवं प्रवक्ता